A Quarterly Publication of Press Council Nepal

# संहिता

**SAMHITA**

प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन
असोज, २०७८ । अङ्क ५०

स्वच्छ, स्वस्थ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री
प्रेस काउन्सिल नेपाल

**प्रधान सम्पादक**
बालकृष्ण बस्नेत

**सम्पादक**
दुर्गा भण्डारी पौडेल

**प्रबन्ध सम्पादक**
दीपक पाण्डे

**सम्पादन मण्डल**
गणेशप्रसाद पोखरेल
ठाकुरप्रसाद बेलबासे
हरिप्रसाद जोशी
झबिन्द्र भुसाल
दीपक खनाल

**कभर, आवरण/ले-आउट**
शिव वि.क (मिलन)

प्रकाशक : प्रेस काउन्सिल नेपाल
पो.ब.न.: ३०७७, सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ, नेपाल
फोन : ९७७-१-४११२७९९, ४११२६७८
इमेल : pcn2027writing@gmail.com
वेबसाइट : www.presscouncilnepal.gov.np
मुद्रण : रोल्वालिङ अफसेट प्रेस, काठमाडौँ

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सम्पादकीय | |
| १. स्वाद हराएको पत्रकारिता : माधव शर्मा | १ |
| २. आमसञ्चारमा विभेदकारी उखानहरू छ्याप्छ्याप्ती : भुवन देवकोटा ‘शरद’ | ५ |
| ३. आचारसंहिता कस्ता पत्रकारका लागि ? : यज्ञ शर्मा | १० |
| ४. पत्रकारका नाममा रकम लिने, श्रमजीवी भोकै मर्ने : डिआर पन्त | १६ |
| ५. कोभिडले सङ्कुचित बनाएको प्रदेश २ को पत्रकारिता : लालबाबु शेख | १९ |
| ६. युट्युबरका प्रश्न : गोपनीयताको हकविरुद्धको कसुर : बबिता बस्नेत | २२ |
| ७. सङ्क्रमणपछि फेला परेका तमाम डाक्टरहरू : गणेश पोखरेल | ३० |
| ८. गीत-सङ्गीतको मर्म बिगार्ने टिकटक : शरद अधिकारी | ३५ |
| ९. कहिले बन्छ मिडिया समृद्धिको सारथी ? : कृष्ण ओली | ४१ |
| १०. बिनालगामका घोडा : युट्युबर : दुर्गालाल केसी | ४९ |
| ११. अग्रजको योगदानको कदर गरौँ : आनन्द गौतम | ५५ |
| १२. गन्तव्यहीन यात्रा कहिले हुन्छ पूरा : सुदर्शन रिजाल | ६१ |
| १३. युट्युबर उर्फ ‘पापाराजी’ : गोपाल काफ्ले | ६९ |
| १४. मल्टिमिडियाले दिएको अवसर : लिलाराज भट्टराई | ७४ |
| १५. विज्ञापनका नाममा ‘भ्रम’ छर्छन् रेडियो : वसन्त आचार्य | ७८ |
| १६. राज्यको निसानामा पत्रकार : लक्की चौधरी | ८४ |
| १७. काउन्सिललाई सरकारले अह्राउन मिल्दैन : राजेन्द्र दाहाल | ९० |
| १८. निजी जीवनमा छिर्दै युट्युबर : जमुना वर्षा शर्मा | १०५ |
| १९. युट्युबरको मति : महिला हिंसाको खेती ! : गगनशिला खड्का | ११२ |
| २०. सामुदायिक रेडियोमा महिलाको सबल उपस्थिति : कविता शर्मा | ११९ |

२१. पत्रकारितामा भ्रामकताको सहारा : गणेशदत्त भट्ट  १३१
२२. बिटदेखि बुकसम्म : विराट अनुपम  १३५
२३. मूलधारलाई नदुःखेको दूरदराज : विद्या राई  १३९
२४. राजनीति र पत्रकारिता : कताको बफादारिता ? : डा. अश्वस्थामाभक्त खरेल  १४३
२५. भ्रामक समाचार : समस्याको जड : सविना पौडेल  १५४
२६. पत्रकारितामा रहर : चुनौती र अवसर : पवित्रा पराजुली  १५७
२७. सञ्चार कानुन : प्रहरी प्रशासनले जानून् ! : मेगराज खड्का  १६३
२८. विभेद उजागर गर्ने क्षेत्र नै विभेदपूर्ण : मुना बोहरा  १६९
२९. सङ्कटको समयमा पत्रकारिताको महत्व : प्रताप दुलाल  १७५
३०. पत्रपत्रिका वर्गीकरण : किन र कसरी ? : शिवप्रसाद पराजुली  १८३
३१. बदमासी एउटाको, बदनामी सबैको : : कमला गुरुङ  १९६
३२. किन रोज्दैन नयाँ पुस्ताले पत्रकारिता ? : ईश्वर देवकोटा  २०२

# सम्पादकीय

# फराकिलो पत्रकारिता र प्रेस काउन्सिल

मिडिया क्षेत्रमा थुप्रै समस्या, चुनौती र सम्भावनाहरू देखिएका छन् । चुनौतीले अवसर पनि ल्याउने स्वभाविक हो । मिडिया क्षेत्रका नयाँ आयामले जनमानसलाई नयाँ, नयाँ खुराक पनि दिएको छ, सँगसँगै थुप्रै प्रश्नचिन्ह उठाइरहेको छ । स्थापनाको ५२औँ वार्षिकोत्सवको सन्दर्भमा प्रेस काउन्सिल नेपालले यी समग्र पक्षलाई केन्द्रबिन्दुमा राखेर आफ्ना काम-कारबाहीलाई पुनरावलोकन गरिरहेको छ ।

सञ्चार माध्यमको अनुगमन गर्ने, आचारसंहिता पालना गराउन सचेत गराउने नियामक निकाय हो काउन्सिल । २०२७ साल असोज ६ गते तत्कालीन राजनीतिक व्यवस्थाका नेतृत्वले यो संस्था स्थापना गर्दा पक्कै केही छदम उद्देश्य लुकेको थियो होला । पञ्चायती व्यवस्थाविरुद्ध प्रेसले आवाज उठाउँदै आएको बेला आमनागरिकलाई व्यवस्थाका विरुद्ध भड्काउँछ भन्ने डर तत्कालीन शासकहरूमा नभएको होइन । तत्कालीन प्रेसलाई राज्यअनुकूल बनाउन प्रेस काउन्सिल नेपालको गठन भएको थियो । उतिबेला पत्रकारितालाई राजतन्त्र र पञ्चायती व्यवस्थाप्रति आस्थावान बनाउन प्रयत्नरत गरिन्थ्यो । प्रेसले खुलेर पञ्चायती व्यवस्था र राजतन्त्रको आलोचना गर्न सक्दैनथ्यो । सरकार र व्यवस्थाका विरुद्ध आलोचना गर्दा प्रेस काउन्सिलले आचारसंहिताको डण्डा चलाइने गरेको इतिहास छ । लामो समयसम्म त्यही पृष्ठभूमिबाट हुर्किएर आएको संस्था भए पनि काउन्सिललाई २०४६ साल पछिका दिनमा भने स्वतन्त्र र स्वायत्त निकायका रूपमा राखिएको छ । २०४६ को राजनीतिक परिवर्तनपछि काउन्सिलको अस्तित्व र भूमिका फरक रूपमा देखिएको हो ।

प्रेसलाई एक दलीय शासन व्यवस्थाको वकालत गर्न निर्देश गर्ने परिपाटी अन्त्य हुने नै भयो । काउन्सिल निष्पक्ष भूमिकामा रहनुपर्ने भयो । काउन्सिल सरकारबाट नभइ कानुनबाट निर्देशित हुनुपर्छ भन्ने मान्यताले २०४८ सालमा प्रतिनिधिसभाले संसदमा प्रेस काउन्सिलसम्बन्धी ऐन बनायो । उतिबेला मूलतः

छापा माध्यमलाई नियमन गर्ने उद्देश्य राखिएको थियो । अहिले रेडियो, टेलिभिजन, अनलाइनसम्मको अनुगमन गर्नुपर्ने अवस्था छ । युट्युबका समेत अनेक खालका समस्याबारे काउन्सिलले अध्ययन गरिरहेको छ ।

काउन्सिल पत्रकारिता क्षेत्रलाई स्वतन्त्र र मर्यादित बनाउन पनि सदैव क्रियाशील छ । कानुनले दिएको क्षेत्राधिकारमा सीमितताका कारण काउन्सिलले आफ्नो भूमिकालाई खुम्च्याउनु परेको छ । आजको प्रविधि सम्पन्न समाजमा प्रेस भनेको केवल छापा, रेडियो र टेलिभिजन मात्रै होइन, वैकल्पिक सञ्चार माध्यम, अनलाइनमा आधारित पत्रिका, इन्टरनेटमा आधारित टेलिभिजन पनि हुन् । अन्य सामाजिक सञ्जाललाई पनि सञ्चार माध्यम भन्नुपर्ने भएको छ, जसले नागरिक पत्रकारिता भनेर वकालत गरेको छ । त्यसैगरी समाचारको शैलीमा सूचना दिने युट्यब च्यानलजस्ता सामाजिक सञ्जालमार्फत आउने सूचनालाई पनि आम मानिसले पत्रकारिता भनी बुझेका छन् । यस्ता प्रविधियुक्त सञ्चार माध्यमहरूले पत्रकारिताकै शैलीमा चलेका अन्य सञ्चार माध्यमहरूलाई स्वस्थ्य स्वतन्त्र र मर्यादित बनाउनु अहिलेको मुख्य चुनौती रहेको छ ।

प्रेस आफैँ जिम्मेवार र मर्यादित बन्नुपर्छ भन्ने मूल मान्यता हो । नेपालमा पनि प्रेसलाई मर्यादित र जिम्मेवार बनाउन पत्रकार स्वयम्ले बनाएको आचारसंहिता पालना गराउन प्रेस काउन्सिल नेपाल क्रियाशील छ । आचारसंहिता मात्र होइन, प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामा समेत काउन्सिलले नियमित अध्ययन र अनुगमन गर्दै आएको छ । श्रमजीवीका मुद्दालाई समेत नियमित ढङ्गले उठाउँदै आएको छ । नेपाली प्रेसको समृद्धिका पक्षमा सरकारलाई नियमित झक्झकाउने काममा मूलरूपमा काउन्सिलले नै अगुवाइ गरेको छ ।

प्रेस काउन्सिलबाट आशा र अपेक्षा धेरै गर्नु स्वाभाविक पनि हो । सूचना र प्रविधिको क्षेत्रमा समाज धेरै अगाडि बढिसकेको छ । प्रविधियुक्त मिडियालाई नियमन गर्नका लागि प्रस्ट कानुन बनिसकेको छैन । यसअघि आमसञ्चार र मिडिया काउन्सिल ऐनको मस्यौदा संसदमा छलफलका लागि पेस भएको थियो । उक्त विधेयक विवादास्पद भएका कारण प्रक्रिया अगाडि बढ्न सकेन । प्रेसलाई मर्यादित बनाउने अभिप्रायले ल्याइएको मिडिया काउन्सिल विधेयकका कतिपय प्रावधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबाहिर भएको भन्दै विवाद देखियो । काउन्सिल, पत्रकार महासङ्घलगायत संस्थाहरूको विरोधका बाबजुद पनि विधेयक छलफलका लागि पेस गरिएको थियो । सङ्घीय सरकारको त्यस्ता कामको पुनरावृत्ति हाल प्रदेश सरकारहरूले पनि गरेका छन् । प्रेस स्वतन्त्रताविरोधी प्रावधानहरू राखेर पछिल्लोपटक गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशमा

आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 'गण्डकी प्रदेश आमसञ्चार ऐन २०७७' ल्याएपछि पत्रकारहरूलाई तरङ्गित बनाएको छ । पत्रकारहरूको सुझावका बाबजुद पनि कानुन ल्याएर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित बनाउने काम गरेको छ । प्रेस काउन्सिलले उक्त विधेयक फिर्ता हुनुपर्ने माग गर्दै आधिकारिक धारणा सार्वजनिक गरिसकेको छ । गण्डकी मात्र नभइ कर्णाली, लुम्बिनी प्रदेशमा समेत समस्या उही छ । यसबारे पनि काउन्सिलले आफ्नो प्रस्ट धारण सार्वजनिक गरिसकेको छ ।

पत्रकारिता क्षेत्रका यी विविध समस्याका बिचमा काउन्सिलले आफूलाई थप प्रभावकारी ढङ्गले उभ्याउनुपर्नेछ । प्रेस स्वतन्त्रतालाई खुम्च्याउने कुनै पनि गतिविधिलाई अघि नबढाउन सरकारलाई सल्लाह, सुझाव दिनेदेखि नयाँ मिडियाका समस्या सुल्झाउन पहल गर्नेसम्मका दायित्व छ । काँधमा आएका यी कार्यभार पूरा गर्न प्रेस काउन्सिल नेपाल सक्रियतापूर्वक लाग्नेछ ।